**जडीबुटी खेती विस्तार गर्न अनुदान सहयोग सम्बन्धी सूचना**

**प्रकाशन मितिः २०७५/०१/२१**

आर्थिक वर्ष २०७४/०७५ को स्वीकृत राष्ट्रिय पुनर्निर्माण प्राधिकरण कोष अन्तरगत दोलखा, सिन्धुपाल्चोक तथा रामेछाप जिल्लाका भूकम्प पिडितलाई जडीबुटी खेती गर्न अनुदान सहयोग उपलब्ध गराइने भएकाले सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यस सम्बन्धी थप जानकारी का लागि वनस्पति विभागको website: www.dpr.gov.np वा वनस्पति विभाग, जडीबुटी विकास तथा प्रवर्द्धन शाखामा सम्पर्क गर्नु हुन अनुरोध छ ।

**तपसिल**

**राष्ट्रिय पुनर्निर्माण प्राधिकरण कोष अन्तरगत भूकम्प पिडितलाई जडीबुटी खेती गर्न अनुदान कार्यक्रम (दोलखा, सिन्धुपाल्चोक तथा रामेछाप)**

१. अनुदान रकम : रु.२,२५,०००/-(अक्षरुपी दुईलाख पच्चिास हजार) प्रति भूकम्प पिडित समूह, संख्या ८ (आठ)

२. अनुदानको क्षेत्र : जडीबुटी खेती बिस्तार

३. दरखास्त दिने अन्तिम मिति : सूचना प्रकाशन मितिको १५ दिन भित्र ।

४. दरखास्त साथ पेश गर्नु पर्ने कागजातहरु :

(क) कृषकले अनुदान पाउनका लागि लेखेको निवेदन तथा भूकम्प पिडित परिचय पत्र

(ख) आवेदकको विवरण (हालको व्यवसायको सक्षिप्त विवरण र भावी योजना)

(ग) खेती गर्न चाहेको स्थान, जग्गाको कित्ता नं., क्षेत्रफल र रोपण गरिएका विरुवा संख्या प्रजाति

(घ) अनुमानित लगानी/खर्च (कृषकको लगानी, आवश्यकता र माग )

(ङ) अपेक्षित उपलव्धी/वार्षिक आम्दानी

(च) रोजगारी श्रृजना, लाभान्वीत घरधुरी सँख्या

५. दरखास्त दिने स्थान : वनस्पति विभाग, थापाथली काठमाडौं